**नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका**

# स्थानीय राजपत्र

**खण्ड ५, संख्याः १६, आश्विन ७ गते, २०७८ साल**

व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको मापदण्ड स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिका स्नातक उत्तीर्ण वेरोजगार महिला अनुदान वितरण मापदण्ड, २०७८

कार्यपालिकाबाट स्वीकृत मितिः २०७८।६।७

१. **परिचय :** व्यास नगरपालिकाको नगर सभाबाट नगर क्षेत्रमा रहेको शैक्षिक वेरोजगार तथा रोजगार उन्मुख रहेका महिलाहरुलाई नगरपालिकाको नीति तथा कार्यक्रम अर्न्तगत विनियोजन भएको रकम नगरका १४ वटा वडामा रहेका स्नातक तहको शैक्षिक योग्यता हासिल गरेका वेरोजगार महिलाहरुलाई उद्यमशीलता सहयोग प्रदान गरी कृषि, पशु पालन लगायत साना घरेलु उद्योग गर्दै आएका र गर्ने योजनामा रहेका नगर भित्रका महिलाहरुलाई उद्यमशीलताको माध्यमबाट स्वरोजगार सृर्जना गरी स्वदेशमा नै व्यवसाय गरी आर्थिक उन्नति गर्न सहज होस् भनी नगरपालिकामा बढीभन्दा बढी महिलाहरु स्व-आर्जन व्यवसायमा अग्रसर हुने विश्वासका साथ यो मापदण्ड तर्जुमा गरिएको छ ।

२. **उद्देश्य :** व्यास नगरपालिकामा भएको कुल जनसंख्याको करिव ५१ प्रतिशत भन्दा बढी महिलाहरुको जनसंख्या रहेको यस नगरपालिकामा स्नातक तहसम्मको शैक्षिक योग्यता हासिल गरी वेरोजगार रहेका महिलाहरुलाई नगरपालिकाबाट केही बिऊ पूँजीको रुपमा आर्थिक सहयोग गरी उनीहरुलाई उद्यमशीलताका लागि उत्प्रेणा जागरण गर्नका लागि विषेश गरी यो स्नातक वेरोजगार महिला उद्यमशीलता सहयोग कार्यक्रममा बजेट विनियोजन गरिएको हो । नगरका शैक्षिक वेरोजगार तथा सबै तह र तप्काका

महिलाहरुले आफूले चाहेको र आफूलाई उपयुक्त हुने उद्योग, व्यवसाय सञ्चालन गर्न नगर सभाले नगरका महिला लक्षित गरी बनाइएको यो बजेट, नीति तथा कार्यक्रम अन्य स्थानीय तहको तुलनामा व्यास नगरपालिकाले आत्म निंभर नगरपालिका बनाउनका लागि महिलाहरुको भूमिकालाई समेत बढी भन्दा बढी महत्व दिई यो कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छ । यस कार्यक्रमबाट नगरका स्नातक महिलाहरुले स्वरोजगार सृर्जना गरी आय आर्जन गर्न सक्ने छन् भने समग्र नगरपालिकालाई समेत उद्योग, कृषि, पशु पंक्षी पालन र स-साना घरेलु उद्योग सञ्चालन गरी आफ्नो नगरपालिकामा बिक्री वितरण गर्न सक्ने छन् भन्ने अपेक्षा राखिएको छ ।

**३. लगानीका क्षेत्रहरु :**

(क) **कृषि विकास तर्फ :** कृषि तर्फ तरकारी खेती, फलफूल खेती र माछा पालन व्यवसाय सञ्चालन गरी व्यवसायिक रुपमा गर्दै आएका महिलाहरु यो अनुदान नीति भित्र पर्दछन् । कृषि व्यवसाय सञ्चालन गर्दा कम्ति २ रोपनीदेखि माथिको जग्गामा व्यवसाय सञ्चालन गरेको हुनु पर्नेछ । साथै यस कृषि तर्फ उल्लेखित मध्ये कुनै व्यवसाय गरी वडास्तरमा उदाहरणीय रुपमा व्यवसाय सञ्चालन गर्दै आएका वा गर्ने योजना तयार गरेका महिलाहरु समेत यो अनुदान नीति भित्र पर्दछन् ।

**नोट :** यस कार्यक्रम तर्फ अनुदानका लागि कृषि सिंचाईका लागि पाइप, बिजुली मिटर, सिचाईका लागि ट्याङ्की निर्माण र टनेल निर्माण जस्ता सामग्री खरिद तथा निर्माणमा लगानी हुनेछ । साथै अनुदान प्राप्त गर्नका लागि नगरपालिकामा अनिवार्य व्यवसाय दर्ता गरेको हुनु पर्दछ भने दर्ता नभएको वा नगरेको हकमा कम्तिम १ वर्ष अगाडिबाट उक्त व्यवसाय सञ्चालन गर्दै आएको भए व्यवसाय दर्ता गर्नु पर्दछ ।

(ख) **पशु पंक्षी पालन तर्फ :** पशु पंक्षी पालन तर्फ बाखा, खरायो, बंगूर, गाई भैसी तथा कुखुरा पालन व्यवसाय सञ्चालन गरी व्यवसायिक रुपमा गर्दै आएका वा गर्ने कार्य योजना पेश गरेका महिलाहरु यो अनुदान नीति भित्र पर्दछन । यस पशु पंक्षी तर्फ बाखा पालन भएमा १० वटा भन्दा बढी, बंगूर पालन भए १० वटा भन्दा बढी, गाई पालन गरेको भए कम्तिामा ५ वटा, भैसी पालन भए कम्तिामा ५ बटा तथा कुखुरा पालन व्यवसाय सञ्चालन गरेको भए कम्तिामा ५०० वटासम्म पालन गर्दै आएका वा गर्ने कार्य योजना पेश गरेका महिला यो अनुदान नीति भित्र पर्दछन् ।

**नोट :** यस अनुदान तर्फ गोठ सुधार, उन्नत पशु खरिद पहुँचको अवस्था सुधार जस्ता क्षेत्रमा लगानी गर्नु पर्नेछ । साथै अनुदान प्राप्त गर्नका लागि नगरपालिकामा अनिवार्य व्यवसाय दर्ता गरेको हुनु पर्दछ ।

(ग) **स-साना घरेलु उद्योग तर्फ :** तालिम प्राप्त गरी घरेलु हस्तकला लगायत अन्य व्यवसाय जस्तै : उनी झोला, मुढा निर्माण, अगरबत्ती उद्योग, मैनबत्ती उद्योग, दालमोठ, भुजिया तथा अचार उद्योग जस्ता स्थानीय कच्चा माल सामानबाट उत्पादित उद्योग पर्दछ । तालिम प्राप्त गरी सिलाई बुनाई व्यवसाय, सौन्दर्य व्यवसाय, छाला, जुत्ता, चप्पल, उद्योग, फलामका भाडा निर्माण उद्योग र वातावरण मैत्री झोला निर्माण जस्ता परम्परागत सामान उत्पादित उद्योग पर्दछ ।

**नोट :** यस अनुदान प्राप्त गर्नका लागि नगरपालिकामा अनिवार्य व्यवसाय दर्ता गरेको हुनु पर्दछ भने दर्ता नभएको वा नगरेको हकमा कम्तिमा १ वर्ष अगाडिबाट उक्त व्यवसाय सञ्चालन गर्दै आएको भए तापनि व्यवसाय दर्ता गर्नु पर्दछ ।

(घ) **व्यापार तथा व्यवसाय क्षेत्र तर्फ :** नगर क्षेत्र भित्र स-साना होटल व्यवसाय, किराना पसल, इलेक्ट्रोनिक एवं मोवाइल मर्मत पसल, स-साना कस्मेटिक पसल जस्ता व्यवसाय, तरकारी, फलफूल पसल, माछा मासु पसल सञ्चालन गरेको वा गर्नका लागि कार्य योजना पेश भई नगरपालिकामा व्यवसाय अनिवार्य दर्ता गर्नु पर्दछ ।

**नोट :** यस अनुदान प्राप्त गर्नका लागि नगरपालिकामा अनिवार्य व्यवसाय दर्ता गरेको हुनु पर्दछ भने दर्ता नभएको वा नगरेको हकमा कम्तिमा १ वर्ष अगाडिबाट उक्त व्यवसाय सञ्चालन गर्दै आएको भए तापनि व्यवसाय दर्ता गर्नु पर्दछ ।

## ४. अनुदान तथा लगानीको सिमा :

(क) यसरी स्नातक महिला लक्षित अनुदान प्रदान गर्दा प्रति उद्यम वा प्रति रोजगार बढीमा ५० हजारसम्म बजेट उपलब्ध गराइने छ ।

(ख) अनुदान प्रदान गर्दा स्नातक महिला उद्यमशीलता सहयोग कार्यक्रमको अनुदान प्रदान गर्दा दलित, जनजाति र गरिब तथा पिछडिएका वर्ग र क्षेत्रमा अनुदान उपलब्ध गराउने गरी प्रथमिकता दिनु पर्नेछ ।

(ग) व्यवसायी महिलालाई अनुदान प्रदान गर्दा अनिवार्य रुपमा स्थलगत निरीक्षण गरी वडा समितिले सिफारिस गर्नु पर्नेछ ।

(घ) यसरी सहयोग एवं अनुदान प्रदान गर्दा स्वयं रोजगारदाताको बैंक खातामा रकम हस्तान्तरण गरिने छ । नगदको रुपमा सहयोग उपलब्ध गराइने छैन ।

(ङ) नगरपालिकाद्वारा प्रदान गरिएको सहयोग रकमबाट आफूले खर्च गरेको वस्तु वा सामानको बिल भरपाई सहयोग प्राप्त गर्दाका बखत अनिवार्य रुपमा पेश गरेर मात्र सहयोग प्रदान गरिने छ ।

## ५. अनुदान प्राप्त गर्नका लागि आवश्यक कागज पत्रहरु :

(क) व्यवसाय दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।

(ख) रोजगारदाताको स्नातक उत्तीर्ण शैक्षिक योग्यता तथा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।

(ग) व्यवसाय गर्ने जग्गाको लालपूर्जा एवं जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि वा न्यूनत्तम ३ वर्षका लागि घर जग्गा भाडामा लिएको सम्झौता पत्र ।

(घ) तालिम प्राप्त गरेको भए तालिमको प्रमाण पत्रको प्रतिलिपि ।

(ङ) वडा समितिले वेरोजगार रहेको भनी गरेको सिफारिस पत्र ।

(च) नगरपालिकाद्वारा तयार गरिएको निश्चित ढाँचाको फाराम ।

(छ) आफूले गर्न चाहेको उद्यमशीलताको कार्य योजना ।

(ज) निवेदन ।

## ६. अनुदान प्राप्त तथा अनुदान उपलब्ध गर्ने विधि

(क) अनुदान प्राप्त गर्नका लागि प्रकाशित सूचना अनुसार नियम ५ मा उल्लेखित कागजातहरु सहित पर्न आएका निवेदन उपर छनौट गर्ने कार्यका लागि सामाजिक विकास समिति समक्ष पेश गरिने छ । सामाजिक विकास समितिले उक्त निवेदन उपर आवश्यक प्रक्रिया पुरा गरी अनुदान प्राप्त गर्ने महिलाहरु छनौट गरी नगर प्रमुख मार्फत नगर कार्यपालिका समक्ष सिफारिस गर्नेछ र कार्यपालिकाबाट निर्णय भए पश्चात् अनुदान दिने प्रक्रियामा लगिने छ ।

(ख) छनौटमा परेका वेराजगार महिला व्यवसायीको कार्य प्रगतिका आधारमा एकै पटक वा २ किस्तामा अनुदान रकम प्रदान गरिने छ । व्यवसायको अनुगमन गरी उपयुक्त देखिएमा एकै किस्तामा समेत सहयोग रकम उपलब्ध गराउन बाधा पर्ने छैन ।

(ग) स्नातक महिला लक्षित कार्यक्रममा सहभागी हुनका लागि २० वर्ष पुरा भई ५० वर्ष ननाघेको हुनु पर्नेछ ।

(घ) स्नातक महिला लक्षित उद्यमशीलता सहयोग कार्यक्रममा सहभागी हुनका लागि नेपाल सरकार, प्रदेश सरकार वा नगरपालिकाको कुनै शाखाबाट अनुदान प्राप्त गरेको भएमा दोहोरो हुने गरी अनुदान उपलब्ध गराइने छैन ।

## ७. अनुदान सम्बन्धी अन्य शर्तहरु

(क) नगरपालिकाद्वारा प्रदान गरिएको अनुदान रकमको उद्देश्य विपरित खर्च गरेमा वा रकमको दुरुपयोग गरेको अनुगमनको क्रममा देखिएमा आफूले प्राप्त गरेको अनुदान रकमको नियमानुसार ब्याज सहित रकम फिर्ता गर्नु पर्नेछ वा सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

(ख) कुनै पनि अनुदान प्राप्त गर्ने व्यवसायीले अनुदान प्राप्त गरे पश्चात् उक्त व्यवसाय निरन्तर रुपमा (कम्तिमा ३ वर्ष) सम्म सञ्चालन गर्नु पर्नेछ ।

(ग) अनुदान प्राप्त गर्नका लागि नगरपालिका क्षेत्र भित्र स्थायी रुपमा बसोबास गरेको हुनु पर्नेछ । यस नगरपालिका क्षेत्रभन्दा बाहिरबाट नगर क्षेत्रमा आई भाडामा व्यवसाय गरेका महिलाहरुलाई यस कार्यक्रममा सहभागी गराइने छैन ।

(घ) यस सहयोग कार्यक्रम नगरका स्नातक उत्तीर्ण महिलालाई प्रदान गर्दा सामान्यत सबै वडाहरुलाई समेट्ने गरी माग निवेदन संख्याको आधारमा छनौट गरी समावेशी रुपमा सहयोग उपलब्ध गराइने छ ।

(ङ) नगरपालिका क्षेत्रका स्नातक उत्तीर्ण शैक्षिक योग्यता प्राप्त गरेका वेरोजगार महिलालाई प्रदान गरिने युवती लक्षित स्वरोजगार कार्यक्रमको अनुदान नीति एवं मापदण्ड कार्यपालिकाको निर्णयबाट स्वीकृत गरिने छ ।

(च) अनुदान माग गर्दा न्यूनत्तम १५ दिनको सार्वजनिक सूचना प्रकाशित गरिने छ ।

(छ) यस्तो अनुदानको सूचना प्रकाशन, मागहरुको संकलन, व्यवस्थापन महिला, बाल बालिका तथा समाज कल्याण उपशाखाले गर्नेछ ।

# व्यास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## दमौली, तनहुँ

**स्नातक तह उत्तीर्ण वेरोजगार महिला उद्यमशीलता सहयोग कार्यक्रम अन्तर्गत**
**अनुदान प्राप्त गर्न पेश गर्ने फाराम**

१. व्यवसायको किसिम :
२. ठेगाना : वडा नं. टोल :
३. व्यवसायको नाम :
४. उत्पादन हुने वस्तु :
५. उत्पादन हुने महिना :
६. अनुमानित उत्पादन हुने परिमाण :
७. व्यवसाय सञ्चालन भएको कुल क्षेत्रफल :
८. व्यवसायको प्रकृति : नयाँ/पुरानो (√ चिन्ह लगाउने)
९. अध्यक्ष वा प्रोपाइटरको नाम :
१०. अन्य अनुदान प्राप्त गरेको/नगरेको (√ चिन्ह लगाउने)
११. (क) आफ्नो लगानी रु. ....................................
(ख) अनुदान प्राप्त गरेको रु. ............................
१२. स्वयं आफै बिक्री गर्न सकिने/नसकिने (√ चिन्ह लगाउने)
१३. बिषादी प्रयोग गरेको /अर्गानिक उत्पादन भएको (√ चिन्ह लगाउने)

नाम :
पद :
सम्पर्क नं. :
ठेगाना :
मिति :

आज्ञाले
डिल्लीराम सिग्देल
प्रमुख प्रशासकीय अधिकृत